नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(.............................................)

फोन नं.: ४४३४११९, ४४११५३७, १४४५५९१, ४४३९३६७

फ्याकसः ४४३५९०३

पोष्ट बक्स नं.: २५००७

सानोगौचरण, काठमाडौं, नेपाल

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय विद्युत विकास विभाग २०५०

पत्र संख्याः- ०७७/७८

च.नं. १२१६

मितिः २०७७/०८/१८

विषयः- कागजात पेश गर्ने सम्बन्धमा ।

श्री यूनाईटेड बिल्डर्स/डाँफे/सुनौला खिम्ती जे.भि.
सानो गौचरण, काठमाण्डौ ।
फोन न.: ०१-४१११०७७,०१-४१११०८१
मो.न. : ९८४१६७८२८०

प्रस्तुत विषयमा सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०७६/१२/२७ को सार्वजनिक सूचना तथा मिति २०७७/०३/२५ को विभागीय निर्णयानुसार यस विभागको भवन निर्माण कार्य सम्झौताको म्याद मिति २०७७/०४/१५ सम्म थप गरिएकोमा सोहि बमोजिमको अद्यावधिक बैंक जमानत तथा बिमाको कागजातहरु पेश गर्नुपर्ने व्यहोराको जानकारी तहाँलाई पटक पटक पत्राचार गर्दै आएकोमा हालसम्म पनि उक्त कागजातहरु पेश नभएको अवस्था छ । त्यसै गरी मिति २०७७/०३/२९ को नेपाल सरकार (मन्त्रिपरिषद) को निर्णयानुसार मिति २०७७/०४/१५ मा तहाँसँग भएको म्याद थप सम्बन्धी सम्झौताको अधिनमा रही भवन निर्माण कार्यको बाँकि रहेका कार्यहरु सम्पन्न गर्न मिति २०७७/०७/१५ सम्म सोहि बमोजिमको अद्यावधिक बैंक जमानत र बिमा कागजात पेश गर्ने शर्तमा म्याद थप गरिएतापनि हालसम्म उक्त कागजातहरु पेश नभएको व्यहोराको जानकारी अनुरोध गरिन्छ । यस अवस्थामा हाल भवन निर्माण कार्यको यसै पत्रसाथ संलग्न रहेको विवरण बमोजिमका कार्यहरु सम्पादन गर्न बाँकि रहेकोमा म्याद थपको लागि तहाँबाट पत्र (मिति २०७७/०६/१९, Ref No. 91/077/078) पेश हुँदा हालसम्म पनि अद्यावधिक बैंक जमानत र बिमा कागजात कागजातहरु पेश नभएकोले सो कागजातहरु यथाशिघ्र पेश गर्नहुन तथा सो कागजातहरु पेश भए पछि मात्र म्याद थप सम्बन्धि आवश्यक कारवाही अगाडी बढाउन सकिने अन्यथा नियमानुसार कारवाही भईजाने व्यहोराको जानकारी निर्देशानुसार अनुरोध गरिन्छ ।

..................

(आशिष श्रेष्ठ)
इन्जिनियर

**बोधार्थ :**

महानिर्देशक ज्यू,
विद्युत विकास विभाग ।